बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०६

आज मिति २०८२ साल कार्तिक ३० गते आइतबारका दिन बिहान ९:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | [signature] |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | [signature] |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | पशुपति |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री बसन्त बहादुर रावल | नि.प्र.प्र.अ./ सचिव | [signature] |

**आमन्त्रित:-**

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०८

**प्रस्तावहरु:-**

१. करार कर्मचारी सम्बन्धमा।

२. करार कर्मचारी आवश्यकता सम्बन्धी विज्ञापन सम्बन्धमा।

३. नि. प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्बन्धमा।

४. करार शिक्षक तथा बालविकास सहजकर्ताको सम्बन्धमा।

५. करार सम्झौताको म्याद थप गर्ने सम्बन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा कार्यरत दरबन्दी बाहेकका करार कर्मचारीहरुका सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८२।०८३ च.नं. ११३ मिति २०८२।०६।०८ गतेको परिपत्र लगायत अन्य कानुनी तथा नीतिगत व्यवस्था बमोजिम यस गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा कार्यरत स्वीकृत दरबन्दी बाहेकमा नियुक्त करार सेवामा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको करार सम्झौता नविकरण गर्ने सम्बन्धमा हाललाई कुनै पनि निर्णय नगर्ने तथा तत्काल संगठन व्यवस्थापन तथा सर्वेक्षण (O&M) गरी नयाँ विज्ञापन मार्फत पदपूर्ति गर्ने र गाउँपालिका तथा मातहतका कार्यालयको नियमित र अति आवश्यक कामकाज सुचारु गर्न श्रेणीविहिन कर्मचारीहरुलाई दैनिक ज्यालादारीको रुपमा कामकाज गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं. २ -** प्रस्ताव नं. २ माथी छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिका कार्यालयको स्वीकृत दरबन्दी/संघिय सशर्त कार्यक्रम/संघिय सरकार तथा स्थानीय सरकारको लागत साझेदारीमा संचालन हुने कार्यक्रमका लागी तपसिल बमोजिमका करार कर्मचारीहरु नियमानुसार करार सेवाबाट पूर्ति गर्ने गरी विज्ञापन गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०६

तपसिलः-

| क्र.स. | रिक्त /आवश्यक पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | १ (एक) | |
| २ | अ.न.मी. | सहायकस्तर चौथो | २ (दुई) | |
| ३ | बैद्य | सहायकस्तर चौथो | १ (एक) | |
| ४ | मनोसामाजिक परामर्शकर्ता | सहायकस्तर पाँचौं | १ (एक) | |
| ५ | रिटर्नी स्वयमसेवक | श्रेणी विहीन | १ (एक) | |
| ६ | ना.प्रा.स. | सहायकस्तर चौथो | १ (एक) | |

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (४) अनुसार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रमुख प्रशासकिय अधिकृत नखटाए सम्मको लागी यस गाउँपालिकाको कार्यालयमा कार्यरत प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत सातौं तह श्री झनक रेग्मी (कर्मचारी संकेत नं.२३५६४७) लाई यस गाउँपालिका कार्यालयको आर्थिक तथा प्रशासनिक कार्य गर्ने गरी जिम्मेवारी प्रदान गरिदिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौंलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :-** प्रस्ताव नं .४ माथि छलफल गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ को अनुत्पादक खर्च कटौती तथा मितव्ययिता कायम गर्ने सम्बन्धी प्रेस विज्ञप्तिको बुँदा नं. ग (५) अनुसार स्वीकृत दरबन्दी बाहेक करार कर्मचारी नराख्ने उल्लेख भए पनि, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र संख्या ०६ (शै.सू.व्य. शाखा), मिति २०८२/०६/१० बमोजिम उक्त बुँदा शिक्षकको हकमा लागू नहुने उल्लेख गरिएकाले विद्यालय नक्साङ्कन तथा दरबन्दी मिलानको कार्य सम्पन्न गरी प्राप्त प्रतिवेदनका आधारमा शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो। त्यसै अनुसार, विद्यार्थीको शैक्षिक हितलाई मध्येनजर गरी यस गाउँपालिकाबाट हाल गाउँपालिका शिक्षण सिकाइ सहयोग अनुदानमा कार्यरत करार शिक्षक तथा बालविकास सहजकर्ताको कार्तिक देखि पुस महिनासम्मको लागि करार सम्झौताको म्याद थप गर्ने तथा माथिल्लो निकायबाट थप निर्देशन प्राप्त भएमा सोहि बमोजिम हुने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०६

**निर्णय नं. ५ :-** प्रस्ताव नं .५ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाँउपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत स्वीकृत दरबन्दी, सङ्घीय सरकारको पूर्ण तथा आंशिक शसर्त अनुदान बाट पारिश्रमिक पाउने तपसिलका कर्मचारीहरुको करार म्याद २०८२ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम थर | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १ | एकेन्द्र थापा | उद्यम विकास सहजकर्ता | सहायक चौथो | |
| २ | कविता साउँद | उद्यम विकास सहजकर्ता | सहायक चौथो | |
| ३ | सिर्जना खड्का | पोषण सहजकर्ता | सहायक चौथो | |
| ४ | तर्क बहादुर सुनार | अ.स.ई. | सहायक चौथो | |
| ५ | दिपक कुमार ताम्राकार | अ.स.ई. | सहायक चौथो | |
| ६ | सितल कुमारी ठकुल्ला | अ.हे.व. | सहायक चौथो | |
| ७ | राम लुहार | अ.हे.व. | सहायक चौथो | |
| ८ | चन्द्रा बोहरा | अ.न.मी. | सहायक चौथो | |
| ९ | स्मृति शर्मा | अ.न.मी. | सहायक चौथो | |
| १० | बिक्रम भुल | अ.हे.व. | सहायक चौथो | |
| ११ | खगेन्द्र साउद | अ.हे.व. | सहायक चौथो | |